नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०४/२७ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | पेप्सीकोला काठमाडौं स्थित डेरी पसलहरू | • सरसफाइमा गुणस्तरहीन दुग्ध पदार्थहरू बिक्री वितरण गरिएको सम्बन्धी गुनासोको बारे निरीक्षण गर्न जाँदा व्यवसायी कृष्णचन्द्र अधिकारीले पसल दर्ता नगरी सन्चालन गरेको पाइएको<br>• उक्त डेरीमा लेबल नभएको घ्यू बिक्री वितरणको लागि राखेको पाइएको। | • व्यवासय अविलम्ब दर्ता गरेर मात्र संचालन गर्न निर्देशन दिइएको<br>• लेबल नभएको एक (१) के.जी. घ्यूको छ डब्बा र आधा (०.५) के.जी. घ्यूको तीन (३) डब्बा अनुसूची आठ (८) सहित सुरक्षित रोक्का राख्न निर्देशन दिइएको। |
| | | • आमा डेरी एण्ड वेकरी क्याफे पसल दर्ता नगरी सन्चालन गरेको<br>• दूध तथा दुग्ध पदार्थको स्वच्छता एवं गुणस्तर निर्देशिका, २०७५ को बुँदा नं. क, ख, ग, घ, छ, झ, ञ, ट, र ठ को प्रावधान पुरा नगरी ब्यावसाय सन्चालन गरेको<br>• दुग्ध पदार्थको उत्पादन, ढुवानी तथा भण्डारणको लागि प्लाष्टिकको भाँडा प्रयोग गरेको<br>• लेबल नभएको आधा (०.५) के.जी. घ्यू तथा उपभोग्य मिति समाप्त भएको बिस (२०) बोतल हल्का पेय पदार्थ पाइएको<br>• स्टार्च तथा न्यूट्रलाइजरको मिसावट नपाएइको र मिसावटको परीक्षण द्रुत विधिबाट गरेको पाइएको। | • व्यवासय अविलम्ब दर्ता गरेर मात्र संचालन गर्न निर्देशन दिइएको<br>• दुग्ध पदार्थको उत्पादन, ढुवानी तथा भण्डारण स्टेनलेस स्टीलको भाँडामा गर्न निर्देशन दिइएको<br>• लेबल नभएको घ्यू तथा उपभोग्य मिति समाप्त भएको दुग्ध पदार्थ नष्ट गर्न निर्देशन दिइयको तथा काठमाण्डौ महानगरपालिकाद्वारा दश हजार रुपैयाँ (अक्षरुपी १०,०००/-) जरिवाना गरिएको<br>• सात (७) दिनभित्र निर्देशिका बमोजिम सुधार गरी कागजात सहित विभागमा उपस्थित हुन निर्देशन दिइएको। |

| | | | |
|---|---|---|---|
| | | • शिव डेरी एण्ड बेकरीले दूध तथा दुग्ध पदार्थको स्वच्छता एवं गुणस्तर निर्देशिका, २०७५ को बुँदा नं. क, ख, ग, झ, ञ, ट, र ठ को प्रावधान पुरा नगरी व्यवसाय सन्चालन गरेको<br>• दुग्ध पदार्थको उत्पादन, ढुवानी तथा भण्डारणको लागि प्लाष्टिकको भाँडा प्रयोग गरेको<br>• खरिद तथा बिक्री बिल प्रयोग नगरेको<br>• स्टार्च तथा न्यूट्रलाइजरको मिसावट नपाएइको र मिसावटको परीक्षण द्रुत विधिबाट गरेको पाइएको। | • दुग्ध पदार्थको उत्पादन, ढुवानी तथा भण्डारण स्टेनलेस स्टीलको भाँडामा गर्न निर्देशन दिइएको<br>• खरिद तथा बिक्री बिल प्रयोगमा ल्याउन निर्देशन दिइएको<br>• सात (७) दिनभित्र निर्देशिका बमोजिम सुधार गरी कागजात सहित विभागमा उपस्थित हुन निर्देशन दिइएको। |
| २. | गुडविल क्याटरिङद्वारा संचालित तिलगंगा आँखा अस्पतालको क्यान्टिन | • काँक्रो खाएर उल्टी आएकोले विषादीको आशंका लागेको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सलाद निर्मलीकरण गर्ने नगरेको तथा तरकारीको खरिद बिल उपलब्ध नगराएको<br>• भान्सामा फोहोरदानी खुल्ला रहेको<br>• फ्रिजमा काँचो मासु र पाकेको मासु सँगै खुल्ला रुपमा राखेको<br>• कृत्रिम खाद्य रंग भान्सामा पाइएको तथा उक्त रंग प्रयोग गरी पकाइएको पकौडा अन्दाजी पाँच (५) प्लेट बिक्रीको लागि राखिएको<br>• खाद्य पदार्थ बारम्बार तार्न प्रयोग गरिएको अन्दाजी तीन (३) लि. भान्सामा पाइएको। | • खाद्य स्वच्छता अपनाएर खाद्य पदार्थ तयार गर्न निर्देशन दिइएको<br>• सलाद निर्मलीकरण गर्ने तथा ट्रेसाबिलिटी कायम गर्न निर्देशन दिइएको<br>• कृत्रिम खाद्य रंगको प्रयोग नगरी खाद्य पदार्थ पकाउन निर्देशन दिइएको तथा कृत्रिम रंगको प्रयोग गरी पकाइएको पकौडा नष्ट गरिएको<br>• खाद्य पदार्थ बारम्बार तार्न प्रयोग गरिएको तील नष्ट गरिएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः चार (४) वटा** | | | |

Bharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/०१

# अनुगमनका केहि  झलकहरू












